# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार ६ गते, २०८१ साल (संख्या १४

## भाग ५

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

नेपाल सरकारले तराई क्षेत्र र चुरे श्रृखङ्ला समेतको केही भागमा पर्ने क्षेत्रलाई दशवटा पेट्रोलियम अन्वेषण खण्डहरूमा विभाजन गरी सिमाङ्कन गरिएका खण्डहरूमध्ये अन्वेषण खण्डहरू चार र पाँचमा नेपाल पेट्रोलियम ऐन, २०४० को दफा ४ को उपदफा (२) बमोजिम ठेकेदारबाट पेट्रोलियम कार्य सञ्चालन गराउन स्वीकृति दिए बमोजिम पेट्रोलियम कार्य गराउनको लागि खानी तथा भूगर्भ विभागले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेट्रोलियम नियमावली, २०४१ को नियम ३ बमोजिम पेट्रोलियम अन्वेषण कार्य गर्न इच्छुक स्वदेशी वा विदेशी लगानीकर्ताहरूबाट मिति २०८१।०१।३१ (मे १३, २०२४) देखि मिति २०८१।०४।२६ (अगस्ट १०, २०२४) भित्र बोलपत्र पेश गर्न आह्वान गरी मिति २०८१।०१।३१ को द राइजिङ नेपाल (राष्ट्रिय पत्रिका) र मे ३१, २०२४ को द टाइम्स अफ इन्डिया (अन्तर्राष्ट्रिय पत्रिका) मा सूचना प्रकाशन गरेको हुँदा सोही नियमावलीको नियम ५७ को खण्ड (क) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**कृष्ण बहादुर राउत**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।